# नेपाल आर्थिक पत्रकार संघ (नाफिज)

**Nepal Association of Financial Journalists (NAFIJ)**

Regd. No.: 333/066/067; Anamnagar, Kathmandu, Nepal; Email: nafij2009@gmail.com


मिति : २०८३/०२/०३

## प्रेस विज्ञप्ति

जिल्ला अदालत काठमाडौंले अनलाइन सञ्चार माध्यम बीमापोष्ट डटकममा २०८२ चैत्र २४ र २६ गते प्रकाशित दुई समाचारका विषयमा स्वच्छ सुनुवाईको मौका समेत नदिई २०८३ वैशाख १४ गते सोमबार एकतर्फी रुपमा सुनुवाई गरी समाचार टिप्पणीहरु सञ्चार माध्यमको वेभसाइटको डोमेनबाट हटाउनु भनि बीमापोष्ट डटकम र सम्पादकको नाममा अन्तरिम आदेश जारी गरेको विषयमा क्रियाशील आर्थिक पत्रकारहरुको साझा संस्था नेपाल आर्थिक पत्रकार संघ (नाफिज)को गम्भीर ध्यानाकर्षण भएको छ ।

सञ्चारमाध्यममा प्रकाशित/प्रशारित समाचारका विषयमा चित्त नबुझेको अवस्थामा सम्बन्धित पक्षले उजुरी दिने र त्यसविरुद्ध कारबाही गर्ने प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारको विषय हो । तर, काउन्सिलको क्षेत्राधिकारको विषयलाई उक्त निकायमा प्रवेश नै नगराई विषयलाई सिँधै अदालतमा प्रवेश गराएर संचार माध्यमको कुरा समेत नसुनेर एकपक्षीय रुपमा समाचार हटाउन अदालतबाट भएको यो आदेश संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता विपरित तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता विपरीत रहेको नाफिजको बुझाइ छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता स्पष्ट रुपमा उल्लेख छ । संविधानको धारा १७, १९ र २७ मा मौलिक हकका रुपमा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र जनताको सूचनाको हक सुनिश्चित गरिएको व्यहोरा पनि सम्मानित अदालत समक्ष नाफिज अवगत गराउन चाहन्छ ।

लोकतन्त्रमा न्यायालयको निर्णय पालना हुनुपर्छ भन्ने कुरामा नाफिज सधैं दृढ छ र अदालतको सम्मान समेत गर्दछ । तर, अदालतको यो आदेश नेपालको संविधानले अंगिकार गरेको पूर्ण प्रेस स्वतन्त्रता तथा प्रचलित मूल्य मान्यता र अभ्यास विपरीत भएकाले सम्मानित अदालतलाई उक्त आदेशमा पुर्नविचार गर्न पनि नाफिज अनुरोध गर्दछ ।

निकेश खत्री

महासचिव

नेपाल आर्थिक पत्रकार संघ (नाफिज)